‘म तिमीहरूका सपनाहरू (रमजानका) अन्तिम सात रातहरू प्रति सहमतिमा भइरहेको देख्दैछु; तसर्थ, जसले यस रातको खोजी गर्न चाहन्छ, उसले यसलाई अन्तिम सात रातहरूमा नै खोज गरोस्।’”

अब्दुल्लाह बिन उमर (रजियल्लाहु अन्हुमा) ले बयान गरेका छन्, ”लाईलातुल-कद्र रमजानको अन्तिम सात दिनमा अवस्थित छ भनी रसूल (सल्लल्लाहु अलैहि वसल्लम) का केही सहाबालाई सपनामा देखाइयो। तत्पश्चात्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो: ‘म तिमीहरूका सपनाहरू (रमजानका) अन्तिम सात रातहरू प्रति सहमतिमा भइरहेको देख्दैछु; तसर्थ, जसले यस रातको खोजी गर्न चाहन्छ, उसले यसलाई अन्तिम सात रातहरूमा नै खोज
गरोस्।’”
[सही] [मुत्तफकुन अलैहि]

लाईलातुल-कद्र (रमजानको) अन्तिम सात रातमा हो भनेर रसूल (सल्लल्लाहु अलैहि वसल्लम) का केही साथीहरूले सपनामा देखे। यसो भएको देखेर रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो: मैले देखें कि तिमीहरू सबैको सपनाहरू रमजानको अन्तिम सात रातहरू प्रति नै छन् । त्यसैले, जसले यो रात प्राप्त गर्न चाहन्छ र यसको खोजीमा छ, उसले धेरै भन्दा धेरै असल कर्महरू गरेर यसलाई खोज्ने कडा मेहनत गरोस्। किनकि उक्त रात अन्तिम सात रातहरूमा पर्ने ठूलो आशा हुन्छ। यदि रमजान महिना ३० दिनको छ भने यो २४ औं रातबाट सुरु हुन्छ, र यदि महिना २९ दिनको छ भने यो २३ औं रातबाट सुरु हुन्छ।

http://sunnah.global/hadeeth/ne/show/4545